१३३ औं

आज मिति २०७८ साल पौष ७ गते भेरीगंगा नगरपालिकाका का.वा. नगर प्रमुख श्री रेणु आचार्यको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिका बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

**तपसिल :**

श्री रेणु आचार्य, का.वा. नगर प्रमुख
श्री नवराज कार्की, वडा अध्यक्ष वडा नं. १
श्री नन्द बहादुर बुढा, वडा अध्यक्ष वडा नं. २
श्री आइतराम सुनार, का.वा. वडा अध्यक्ष वडा नं. ३
श्री महाविर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेम बहादुर सारु मगर, वडा अध्यक्ष वडा नं. ५
श्री बल बहादुर खड्का, वडा अध्यक्ष वडा नं. ६
श्री कर्ण बहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पदम बहादुर खत्री, वडा अध्यक्ष वडा नं. ८
श्री लक्षुमन राना, वडा अध्यक्ष वडा नं. ९
श्री मान बहादुर बुढा मगर, वडा अध्यक्ष वडा नं. १०
श्री तीलकराम डाँगी, वडा अध्यक्ष वडा नं. ११
श्री हरि प्रसाद कंडेल, वडा अध्यक्ष वडा नं. १२
श्री टीकाराम सुवेदी, वडा अध्यक्ष वडा नं. १३
श्री रमना परियार, कार्यपालिका सदस्य
श्री प्रतिक्षा विक, कार्यपालिका सदस्य
श्री शेर वहादुर कामी, कार्यपालिका सदस्य
श्री खिम कुमारी राना, कार्यपालिका सदस्य
श्री मोतिसरा खत्री, कार्यपालिका सदस्य
श्री भुमीकला सुनार, कार्यपालिका सदस्य
श्री खिम बहादुर कामी, कार्यपालिका सदस्य
श्री विष्णु खत्री, कार्यपालिका सदस्य
श्री जगत वहादुर बस्नेत, (सचिव) प्रमुख प्रशासकीय अधिकृत

**<u>सहयोगीहरु</u>**

श्री रेशम वहादुर पुन (वडा नं. ४ अध्यक्ष सहयोगी)
श्री मान बहादुर ठाडा लेखा अधिकृत
श्री सिता कुमारी खत्री, शाखा अधिकृत
श्री लक्ष्मन वि.क, एम.आई.एस.अपरेटर
श्री वीर बहादुर चुनारा, का.स.
श्री रवीन्द्र भण्डारी
श्री विजय कुमार खत्री - इन्जिनियर

Scanned with CamScanner

**प्रस्ताव नं. १ : दलित संग्रहालय सम्बन्धमा ।**

**निर्णय नं. १ :** यस भेरीगंगा नगरपालिका वडा नं. ८ स्थित तत्कालिन डुमकोट क्षेत्रमा वोटविरुवाहरु नभएको स्थानमा दलित संग्रहालय बनाउने कार्य अगाडि बढिरहेको सिलसिलामा उक्त स्थानसम्म जाने बाटोको IEE गर्ने र बाँकी कार्य नियमानुसर गर्दै जाने निर्णय गरियो ।

**प्रस्ताव नं. २ : साझेदारीका योजना सम्बन्धमा ।**

**निर्णय नं. २ :** जिल्ला समन्वय समितिवाट आ.व. २०७७1०७८ मा यस नगरपालिकालाई प्राप्त तपसिलका योजनाहरु यस नगरपालिकाको ३० प्रतिशत लाग्ने रकम म्याचि म्याचिङ शीर्षकवाट व्यहोर्ने गरी सम्झौता गर्नका लागि जिल्ला समन्वय समिति सुर्खेतलाई अनुरोध गर्ने निर्णय गरियो ।

**तपसिल :**

| क.स. | आयोजनाको नाम | ठेगाना | जि.स.स. अनुदान रकम | नगरपालिकाको साझेदारी |
|---|---|---|---|---|
| १. | डिप बोरिगं खानेपानी मर्मत | भेरीगंगा-१२ | ७,००,०००।- | ३० प्रतिशत |
| २. | सामुदायिक मा.वि. मोहटी चारकोठे भवन र फर्निचर निर्माण | भेरीगंगा-२ | ४,००,०००।- | ३० प्रतिशत |
| ३. | शिखर मा.वि. रामघाट भवन प्लाष्टर तथा झ्याल ढोका निर्माण | भेरीगंगा-११ | ४,००,०००।- | ३० प्रतिशत |
| ४. | देउती प्रा.वि. चौखे कक्षाकोठा निर्माण | भेरीगंगा-८ | ५,००,०००।- | ३० प्रतिशत |
| जम्मा | | | २०,००,०००।- | |

**प्रस्ताव नं. ३ : सुरक्षित आवास कार्यक्रम सम्बन्धमा ।**

**निर्णय नं. ३ :** जनता सुरक्षित आवास कार्यक्रम अन्तर्गत यस नगरपालिकालाई २५० जनाको लागि जस्ता पाताको लागि दोस्रो किस्ता प्राप्त भएकोले यस नगरपालिकाको वडा नं. ४ बाट २ जना थप भएकोले २५२ जना कायम गरी सम्वन्धित वडा र प्राविधिकको सिफारिस अनुसार रकम खातामा जम्मा गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ : २०७१ सालको बाढीपिडितहरुको सम्बन्धमा ।**

**निर्णय नं. ४ :** वि.स. २०७१ सालको बाढीपहिरोबाट प्रभावितहरुको लागि सुरक्षित आवास अन्तर्गत १७२ घरलाई आर्थिक सहायता प्राप्त भएको सन्दर्भमा आन्तरिक मामिला तथा कानून मन्त्रालय कर्णाली प्रदेश सुर्खेतसँग यसको प्रक्रिया बारे बुझ्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ : एम्बुलेन्स सम्बन्धमा ।**

**निर्णय नं. ५ :** यस भेरीगंगा नगरपालिका १२ स्थित स्वास्थ्य चौकीको मातहतमा रहेको एम्बुलेन्सको आम्दानी खर्चको विरण माग गर्ने र …………लाई करार सेवा अन्तर्गत चालकको व्यवस्थापन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ : भुक्तानी सम्बन्धमा ।**

**निर्णय नं. ६ :** यस भेरीगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा आवश्यक पर्ने दैनिक जिन्सी सामग्रीहरु आ.व.२०७५1०७६ देखिका अर्डर स्लीपहरुको भुक्तानी हुन बाँकी रहेको भनी ढकाल छापाखाना छिन्चु सुर्खेतबाट भुक्तानीको लागि माग भई आएको र यस कार्यालयका ले.अ. श्री मान बहादुर ठाडाको संयोजकत्वमा गठित छानविन समितिले पेश गरेको प्रतिवेदनको आधारमा रकम भुक्तानी दिने निर्णय गरियो ।

Scanned with CamScanner

**प्रस्ताव नं. ८ : पेश्की फछ्र्यौट सम्बन्धमा ।**

**निर्णय नं. ८ :** यस भेरीगंगा नगरपालिका वडा नं. १३ को वडाको खेलकुद विकास खर्च गर्नका लागि आ.व.२०७५।०७६ मा नरेन्द्र कुमार आर्सीले रु. ३५,०००। पेश्की लिई खर्च गरेको हुँदा १३ नं. वडा कार्यालयको सिफारिस अनुसार आर्थिक प्रशासन शाखाले बिल भरपाई हेरी नियमानुसार पेश्की फछ्र्यौट गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ९ : पिडित थप सम्बन्धमा ।**

**निर्णय नं. ९ :** यस नगरपालिको विपद कोषमा भएको रु. १ लाख र नगरस्तरीय विपद कोषबाट रु. ३ लाख समेत गरी जम्मा रु. ४,००,०००र- मध्येबाट यस अघि प्राप्त ५३ जनाको फायलमा थप १३ जना थपिई जम्मा ६६ कायम गरिएकोमा पूर्ण क्षति र आंशिक क्षतिको अध्ययन गरी विपद् व्यवस्थापन समितिबाट पूर्व निर्धारित राहत शुल्क बमोजिम गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १० : उपप्रमुख स्वरोजगार कार्यक्रम सम्बन्धमा ।**

**निर्णय नं. १० :** भेरीगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय सुर्खेतको आ.व.२०७८।०७९ को उपप्रमुख स्वरोजगार कार्यक्रम उद्योग विकास शाखा मार्फत संचालन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ११ : ल्याप परिक्षण सुचारु सम्बन्धमा ।**

**निर्णय नं. ११ :** यस भेरीगंगा नगरपालिका अन्तर्गत साविकका गा.वि.सहरुमा रहेका स्वास्थ्य चौकीहरु मैनतडा, रामघाट, छिन्चु र लेखपराजुलको सेवा विस्तार गर्ने सिलसिलामा ल्याव परिक्षण गर्न नियमानुसार साधन स्रोतको व्यवस्था गरी सुचारु गर्न पहल गर्ने र जनशक्तिको विषयमा **O&M** पश्चात् गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १२ डि.पि.आर.को भुक्तानी सम्बन्धमा ।**

**निर्णय नं. १२ :** यस भेरीगंगा नगरपालिकाको वडा नं. १० स्थित पेट्रोल पम्पको नजिक रहेको कृषि मासु कटिङ्ग सेन्टर भएको स्थानमा बहुउद्देशीय कृषि भवन हाटवजारको डि.पि.आर.को रकम यस नगरपालिकाको सेवा तथा परामर्श शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

Scanned with CamScanner